निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

मितिः २०७८/०८/२१

## प्रेस विज्ञप्ति

### राष्ट्रियसभा सदस्य निर्वाचन कार्यक्रम स्वीकृत सम्बन्धमा

मिति २०७८/१०/१२ गते सम्पन्न हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि आयोगले निर्वाचन कार्यतालिका र निर्वाचन कार्यक्रम स्वीकृत गरेको छ ।

स्वीकृत कार्यतालिका अनुसार निर्वाचनमा भाग लिन चाहने राजनैतिक दलले निर्वाचन प्रयोजनका लागि मिति २०७८/९/१ गतेदेखि ऐ. १० गतेसम्म दर्ता गर्नुपर्नेगरी मिति तोकेको छ । निर्वाचन कार्यक्रम अनुसार मिति २०७८/९/१७ गते निर्वाचन अधिकृतको कार्यालयमा मतदाता नामावली प्रकाशन हुने र प्रकाशित नामावलीमा नाम समावेश हुन छुट भएका व्यक्तिले आफ्नो नाम समावेश गर्नको लागि दरखास्त दिने, नाम समावेश भएको व्यक्तिले आफ्नो नाम थर उमेर, पद आदि सच्याउन दरखास्त दिने तथा प्रकाशित नामावलीमा उल्लेख भएका मतदाताको विरोधमा उजुरी दिने कार्यक्रम रहेको छ ।

यसैगरी मिति २०७८ पुस १८ र १९ गते निवेदन तथा उजुरी उपर छानविन र कारवाही गर्ने तथा अन्तिम मतदाता नामावली प्रकाशन गर्ने कार्यक्रम रहेको छ । पुस २० गते उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने र मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने, पुष २१ गते उम्मेदवारको विरोधमा उजुरी दिने, पुस २२ र २३ गते मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने तथा उम्मेदवारको नामावली प्रकाशन गर्ने, पुस २४ गते उम्मेदवारले नाम फिर्ता लिने, पुस २५ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने तथा उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने र तोकिएका मतदानकेन्द्रहरुमा माघ १२ गते बिहान ९ बजेदेखि अपरान्ह ३ बजेसम्म मतदान हुने कार्यक्रम रहेको छ ।

२०७८/०८/२१

(शालिग्राम शर्मा पौडेल)
सहसचिव एवं प्रवक्ता

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"